# एक आज्ञा जो तपाईले पालन गर्नुहुनेछ

प्रिय पाठक,

हामी एक-अर्कामा अपरिचित हुनसक्छौं । हामी एकले अर्कोलाई कहिल्यै नदेखेका हुनसक्छौं । यद्यपी म तपाईलाई एउटा व्यक्तिगत पत्र पठाउन चाहन्छु ।

म तपाईलाई यो पत्र लेख्दैछु किनकी तपाई र ममा धेरै समानता छ जुन तपाईलाई थाहा नहुनुसक्छ । यस संसारमा रहादा हामीले एक-अर्कासाग भेट गर्ने अवसर नपाएता पनि एकदिन हामी एक अर्काको उपस्थितिमा हुनेछौं कारण हामीसाग अनन्तसम्म रहने अन्तरआत्मा छ । न्यायको दिनमा तथपई अनि मेरो सृष्टिकताएको सामु यहि आत्मामा हामी देखा पर्नेछौं । "जसरी मानिसको निम्ति एक-पटक मर्नु निश्चित छ र त्यसपछि इन्साफ" (हिब्रू ९:२७) ।

तपाईको शक्तिले भ्यासम्म मृत्युलाई आफूदेखि अगल राख्ने प्रयास गर्नुभएको हुनसक्छ । त्यहि पनि यो वास्तविकताबाट टाढा भाग्नु असम्भव छ कि एक दिन हामीले मृत्यु अंगाल्नै पर्छ । सायद तपाई मृत्युको बारे सोच्न पनि धरमराउनुहुन्छ किनकी तपाई यो सत्यदेखि अवगत हुनुहुन्छ कि मृत्यु पछि इन्साफ अवश्य आउाछ जसरी दिनपछि रात आउाछ । तसर्थ पूर्ण

गम्भिरताका साथ के म तपाईको ध्यान एउटा एकदमै महत्वपूर्ण प्रश्नतर्फ केन्द्रित गर्न सक्छु कि : मृत्युपश्चात तपाईको के हुन्छ ?

पवित्र धर्मशास्त्र बाइबल, तपाईको विवेक र अन्तरआत्मा सबैले यहि घोषणा गर्छ कि एउटा अनन्त छ जसको सामना तपाई अनि मैले गर्नैपर्छ । तसर्थ आफ्नै भलाईको लागि कृपया यो प्रश्नलाई नकार्ने या वे-वास्ता नगरिदिनु होला । के म मर्न र मृत्युपश्चात् न्यायकर्ता परमेश्वरको सामना गर्न तयार छु ?

तपाईलाई यो भन्नुपर्दा म हार्दिक क्षमाप्रार्थी छु । आपन लाखौं मानिसहरु मृत्युपश्चात परमेश्वरकहाा जाने दाबी गर्छन् जो इन्साफ पश्चात नर्कमा फालिने छन् । परमेश्वरले आफ्नै पवित्र वचनद्वारा हामीलाई यसो भन्नुहुन्छ, "त्यो दिन धेरैले मलाई भन्नेछन् 'प्रभु प्रभु के हामीले तपाईको नाउामा अगमवाणी बोलेनौं ? तपाईको नाउामा भूतहरु धपाएनौं ? र तपाईको नाउामा अनेक, शक्तिशाली काम गरेनौं र ?' अनि म तिनीहरुलाई सफासाग भन्नेछु- मैले तिमीलहरुलाई कहिल्यै चिनेको छैन । ए अधर्म काम गर्नेहरु हो, मबाट दूर होओ" ( मत्ती ७:२२-२३) ।

के तपाईले कल्पना गर्नुभएको छ कि आफूमा सबै सहि र ठिक भएको ठान्दै जीवन व्यतित गरिरहेका मानिसहरु

सर्वशक्तिमान परमेश्वरको अघि खडा हुादा "मैले तिमीलाई कहिल्यै चिनेको छैन" भनेको सुन्नु कति डरलाग्दो अवस्था होला ? त्यो बेदना शब्दमा बयान गर्न सकिदैन । जब निम्न वाक्य त्यस मानिसकहाा भनिनेछ-"ए अधर्म काम गर्नेहरु हो, मबाट दूर होओ ।" के तपाई र म पनि यस्ता निराशामा परेकाहरुको गन्तीमा पर्छौं ? जसको बारेमा प्रभु मत्ती ७ मा बोल्नुहुन्छ ।

प्रिय पाठक,

कृपया मलाई तपाईको मिनेट समय दिनुहोस् ताकि म यो स्पष्ट गराउन सकूा, को स्वर्गमा जानेछ र को नर्कमा ?

अनन्तको बिनाशतर्फको फराकिलो बाटो

सर्वप्रथम, धर्मशास्त्रको मत्ती ७ मा हामीलाई आग्रह गरेको कुरा मैले तपाईलाई भन्नैपर्छ कि धेरैजसो मानिसहरु नर्कमा जानेछन् । "साघुरो ढोकाबाट भित्र पस, किनभने बिनाशमा पुऱ्याउने ढोका फराकिलो र बाटो सजिलो हुन्छ, र यसबाट भित्र पस्नेहरु धेरै हुन्छन् । किनभने जीवनमा पुऱ्याउने योका सााघुरो हुन्छ र बाटो कठिन हुन्छ जसले चाहि जीवनमा पुऱ्याउाछ र त्यो भेट्टाउने थोरै नै हुन्छन्" (मत्ती ७:१३-१४) ।

सायद यो सुन्दा तपाईलाई कठोर लाग्नसक्छ, तर यो अफसाशी सत्य साचो हो, यसकारण होइन कि परमेश्वर कठोर हुनुहुन्छ बरु हामी आफैप्रति कठोर छौं । हामी स्वइच्छाले हाम्रो सृष्टिकर्ता परमेश्वरलाई लल्काछौं र उहााको प्रेमलाई हेला गर्छौं । हाम्रो भलाईको लागि हामीलाई दिइएको आज्ञाहरुलाई कुल्चदै अघि बढ्छौं । यस्ता दुराचार (बदमासी) र बिरोधी कार्यहरुका कारण हामीले मृत्यु र नर्क पाएका छौं । दिने दुईवटा कुराहरुको हामी हकदार छौं "किनकी सबैले पाप गरेका छन् र परमेश्वरको महिमासम्म पुग्नबाट चुकेका छन्" (रोमी ३:२३) र "पापको ज्याला मृत्यु हो" (रोमी ६:२३) ।

कस्ता मानिसहरु यो झुण्डमा सम्मिलित छन् जसको लागि नर्क निश्चित छ ?

१. अपरमेश्वरीय मानिसहरु नर्कमा जानेछन् ।

यस्ता मानिसहरु जो खुल्ला रुपमा अनैतिक जीवन जिउाछन् र निम्न कार्यहरु गर्छन् जस्तै :-

- भट्टीमा समय व्यतित गर्ने, लागुऔषध र मध्यपान, धन नाश गर्ने ।

- अवैध यौन सम्बन्धमा जुटेर ।

- नियमित पापको चित्रप्रदर्शन टि.भी. मा हेरेर ।

- हाकाहाकी परमेश्वरको विरुद्ध उहााको पवित्र नामलाई व्यर्थमा लिादै शपथ गरेर ।

- परमेश्वरले अधिकार दिनुभएका व्यक्ति र आफ्नो अभिभावक विरुद्ध एक विरोधीको जीवन जिएर ।

यस्ता अपरमेश्वरीय मानिसहरुको अन्त नर्क हुनेछ । यदि परमेश्वरको अनुग्रहले सााचो पश्चाताप र परिवर्तनमा नल्याएको खण्डमा ।

के तपाई पनि यस्तै कुनै समूहको हुनुहुन्छ? यदि हो भने म यहााहरुलाई आग्रह गर्दछु । पश्चाताप कायल र अनुग्रहतर्फ फर्कनुहोस्, असाध्य ढिलो हुनु अगाडि नै ।

(२) सबै संसारिक मानिसहरुको अन्त नर्कमा हुनेछ । पापबाट टाढा बस्नेहरुले छुटकारा पाउाछन् तर जसको जीवन संसारसाग अल्झिएको छ, जो बोझले लादिएका छन् उनिहरु निम्न कार्य गरिरहन्छन् ।

- परमेश्वरभन्दा अगाडि र माथि आफैलाई राख्छन् ।

- संसारिक धनलाई परमेश्वरीय सम्पत्ति भन्दा आत्मिय मान्छन् र पुज्छन् ।

- परमेश्वरले पवित्र धर्मशास्त्रमा उल्लेख गर्नुभएको इच्छा विरुद्ध गएर मानिसको इच्छा-चाहनालाई महत्व दिन्छन् ।

- अनन्तसम्म रहने अन्तरआत्माको खााचोलाई वेवास्ता गर्छन दैनिक जीवनको आवश्यकतामा ध्यान केन्द्रित राख्दै ।

- आशिषको वर्षा गराउनु हुने मुक्तिदाताको विरद्ध गरिएको पापभन्दा संसारिक क्रियाकलापको परिणामलाई प्रमुख ठान्दछन् ।

- परमेश्वरको दृष्टिकोणमा असल ठहरिनु भन्दा आफ्ना मित्रजन र छिमेकीले के सोच्लान् भन्ने तिर ध्यान केन्द्रित गराउाछन् ।

यस्ता सबैको अन्त नर्क हुनेछ यदि पश्चाताप र परिवर्तनमा नडोऱ्याइने हो भने के तपाई पनि यस्तै समूहमा पर्नुहुन्छ ।

यस्तै हो भने म यहााहरुलाई भन्दछु, स्वर्गमा तपाईको खुसी छैन, कारण परमेश्वर तपाईको मित्र हुनुहुन्न - उहाालाई खुसी पार्ने कुराहरुले तपाईलाई खुसी पार्दैन, उहाालाई मन नपर्ने कुराले तपाईलाई चोट दिादैन । उहााको शब्दबाट तपाईलाई परामर्श मिल्दैन, उहााको सबाथ दिन तपाईको लागि आनन्ददायी हुादैन, उहााको बचन सुन्न तपाई मार्गदर्शक होइन । उहााको बचन सुन्न, तपाईको वास्ता गर्नुहुन्न । उहाासाग

बोल्न त झनै कम रुचाउनु हुन्छ। सदैव उहाँको उपस्थितिमा रहनु तपाईको लागि असहृय हुन्छ। साधु-सन्त र स्वर्गदुतहरुको सामाजदेखि तपाई थकित हुनुहुनेछ। जहाँसम्म तपाईको व्यावहारिक जीविनको कुरा छ, बाइबल तपाईको लागि सामानय कुरा हो, ख्रिष्ट तपाईको लागि सामान्य कुरो हो, ख्रिष्ट तपाईको लागि अनावश्यक चिज हो। "ए निन्द्रामा परेकाहरु जाग र मरेकाहरुबाट उठ, र ख्रिष्टले तिमीहरुलाई प्रकाश दिनुहुनेछ" (मत्ती ६:२४)।

(३) धेरै धर्मी व्यक्तिहरुको नर्कमा अन्त हुनेछ

प्रकारक, बाल संगतिको शिक्षक वा ईमान्दारिताको साथ मण्डली जाने विश्वासी, जो कोही पनि नर्कको भागिदार बन्न सक्छ। धर्म हाम्रो मन पर्ने विषय हुनसक्छ, हाम्रो बातचित प्रभु येसु र परमेश्वरको बारेमा हुनसक्छ, हाम्रा बाहिरी आचरण विशुद्ध हुन सक्छन् यि सबै हुँदा हुँदै हाम्रो आत्मा विनाशबाट नबचाइएको हुनसक्छ।

मत्ती २५ मा उल्लेख गरिएका ५ मूर्ख कन्या जस्ता धर्मी हुनसक्छौं त्यहि बयान धारण गरेका उही आशा, उस्तै बत्ती र त्यहि बाहिरी आवरण ५ मूर्ख कन्याको जस्तो- ता पनि नासवान् । हामी आहाब जस्तै धर्मी हुनसक्छौं जसको बारेमा बाइबलले भन्दछ-"...तब तिनले आफ्ना लुगा च्याते, भाङ्ग्रा ओढे र उपवास बसे। तिनी भाङ्ग्रा लाएर सुते र बिनंम्र भएर हिडे" (१ राजा २१:२७) र पनि अपरिवर्तित।

सामान्य विश्वास र परमेश्वरको प्रभाव अनि गुणको छाप पर्नुका साथै पाप स्वीकार गरी नंम्र हुनु, रोएर प्रार्थना गर्नु, फेरी पाप गर्नबाट डराउनु तर पनि स्वर्गको राज्यमा पस्न लायक नहुनुको सम्भावना प्रवल हुँदछ। कयन, सावल र यहुदाको बारेमा सोच्नुहोस्।

हामीलाई आस्थारहित धर्म र मण्डलीमा नियमित उपस्थितिभन्दा अझ धेरै कुराको खाँचो पर्दछ। हामीलाई अप्रतिकार्य, पवित्र आत्माको संशोधित कार्यको आवश्यकता पर्दछ। पुर्नजीवन र परिवर्तनको लागि। अनि मात्र हामी परमेश्वरलाई पूर्णरुपले प्रेम गर्न सक्छौं- अग्रगामी उदाहरणहरुमा छुटेको मुख्य अंश र तिर्खाएको मानिसले पानीको तृष्णा गरेझैं परमेश्वरको तृष्णा गर्नेछौं। त्यसपश्चात मात्र हाम्रो परमेश्वरको अनुग्रहले उहाँसाग भेट गर्ने योग्यको बनाइनेछौं। "यसकारण होशियार होओ, तिमीमा भएको उज्यालो अध्यारो नहोस्" (लुका ११:३५)।

अनन्तको जीवनतर्फको साँघुरो बाटो :

स्वर्गमा प्रस्थान गर्न योग्य हरेकले आफूले पाएको उद्दार-मुक्ति परमेश्वरद्वारा सित्तैमा गरिएको अनुग्रहको एउटा ठूलो चमत्कार भएको स्वीकार गर्नेछन् । उनीहरु प्रत्येकको आत्मा साच्चिकै पवित्र आत्माद्वारा पुर्नजिवीत गराईएको हुनेछ ( यूहन्ना ३) उनीहरु यस्ता व्यक्तित्व हुन जो परमेश्वरद्वार परिवर्तित गराइएका छन् । उनिहरुले आफ्नो परिवर्तनको क्रममा यि तिन कुराहरु महसुश गर्नेछन् ।

(१) आफ्ना कुकर्म प्रति अकृतिम अफसोस् ।

(२) येसु ख्रिष्टमा उद्दार प्रति हर्षित् ।

(३) परमेश्वरद्वाराको मुक्तिको लागि निष्कपट कृतज्ञता

(रोमी ७:२४-२५, भजन ५०:१५)

१. आफ्ना कुकर्मप्रति अकृतिम अफसोस :

जब पवित्र आत्माद्वारा एक पापीमाथि उद्दारको कार्यहरुको प्रारम्भ गर्नुहुन्छ, उहाले ख्रिष्टको परिचय दिएर कार्य प्रारम्भ गर्नुहुन्छ । हाम्रा हृदयमा ख्रिष्टको लागि ठाउा हुादैन । तसर्थ, उहाले त्यस पापीलाई आपत-विपद, संकष्ट र डरलाग्दो अवस्थाको सामना गराउनुहुन्छ । पापीले निम्न कुराहरुको अनुभव गर्नेछ ।

- सर्वज्ञानी परमेश्वरको विरुद्ध गरिएका असंख्य पापहरु, सोचाई, शब्द र कार्यप्रतिको अकृतिम अफसोस ।

- परमेश्वर बिना, ख्रिष्ट बिना र संसारमा कुनै आशबिना रहेकोमा शोक ।

- आदमतर्फको गहिरो झुकाउको कारण दुखित, जब उसलाई बताइन्छ कि उसको हृदय केवल दुषित, फोहोर र बरालिएको आत्मा हो ।

- शोकाकूल हुनेछ जब यो थाहा गर्छ कि पापको भार थाम्न गाह्रो मात्र नभएर आफूलाई यो बोझ देखि मुक्त गराउन पनि असम्भव छ ।

- अफसोसमा पर्छ जब उसले यो महसुस गर्छ कि आफूलाई बचाउन सक्दैन तर बचाईन चाहन्छ त्यसैले रोएर भन्छ "हे परमेश्वर, तपाई यो अधिकार राख्नुहुन्छ, मलाई साधैको लागि टाढा फ्याक्ने, तर के तपाईको यो दण्डदेखि बचेर साधै तपाईको कृपामा रहन कुनै उपाय छैन ?

के तपाई पनि यस्तै चिन्तित, दु:ख, अयोग्य, दोषी र हराएको पापी- त्यस्तो पापी जसलाई अनुभवले सिकाएको छ कि आफ्नो तर्फबाट मुक्तिको कुनै आशा छैन ?

२. येसु ख्रिष्टमा उद्दारप्रति हर्षित :

जब पापी मानिसले यो अनुभव गर्छ उसको कुनै भविष्य छैन तर आफ्नो तर्फबाट केवल दोषारोपण मात्र छ, अनि पवित्र आत्माले आफैलाई परमेश्वरमा उसलाई समर्पण गर्ने सामर्थ्य दिनुहुन्छ। उही आशिषमय आत्माले साचो परमेश्वरको रगतद्वारा असामान्य र धन्य प्रकारको उद्दार र मुक्ति अनि येसु ख्रिष्टको परिमार्जन गर्नु भएको सत्यमाथि प्रकाश पार्नेछ। त्यस पापीले निम्न कुराहरु महसुस गर्नेछ :-

- ख्रिष्टको खाचो परेको

- ख्रिष्टको परिमार्जित कार्यको सौन्दर्य, पूर्णता र योग्यताप्रतिको आफ्नो दृष्टिकोण

- आफ्ना आत्मामा ख्रिष्टको प्रकाश, उहाको बचन र पवित्र आत्माद्वारा, जसद्वारा उसले ख्रिष्टको आज्ञाकारिताको बारे थाह गर्नेछ र कसरी उहाले पूर्ण-रुपले विधि-विधानका पालना गर्नुभयो र पूर्ण रुपले हामीजस्ता गिरेको र अयोग्य पापीहरुको खातिर दण्ड भोग्नु भयो सो कुरा पनि थाहा गर्नेछ।

- ख्रिष्टको अमल जसको कारण उसले ख्रिष्टलाई निस्तब्द हर्षको साथ आफ्नो उद्दारकर्ता र मुक्तिदाता भनि अंगाल्नेछ।

के तपाईले पनि ख्रिष्टद्वारा अचम्मित प्रकारले आएको मुक्तिको महसुस गर्नुभएको छ जुन पवित्र आत्माको शक्तिले उहाको वचन तपाईको अन्तरआत्मामा लागु गराइए पश्चात पाउादछौं ? के यि सबै कुराहरुले ख्रिष्टको बारेमा अझ बढि जानकारी लिने र आफ्नो सर्वे-सर्वाको रुपमा ग्रहण गर्ने तृष्णा जगाएको छ- उहालाई आफैले महसुस गरेर एकमात्र इच्छुक उद्दारकका रुपमा जान्न र बुझ्ने ?

३. उहाद्वारा आएको मुक्तिको निष्कपट कृतज्ञता :

अन्ततः जसले ख्रिष्टको मुक्तिको बाटोको अनुभव गर्छ, उसले सम्पूर्ण रितीले यस्तो महान उद्दारको लागि कृतज्ञता व्यक्त गर्नेछ। "परमप्रभुले मेरो निम्ति जति उपकार गर्नुभयो, त्यसको साटो म उहालाई के चढाउ ?" (भजन ११६:१२)।

उनीहरु सम्पूर्ण कुराहरु आफ्नो शरीर र अन्तर आत्मा समर्पण गर्न इच्छुक हुन्छन्, समय र अनन्तको निम्ति, परमेश्वरको हातमा र साचो अधिनता उहाको पाउामा र स्वीकार गर्दै यसो भन्नेछन् 'तपाईको इच्छा स्वर्गमा झै यस पृथ्वीमा पुरा हुनेछ।" हामीमा कैयौ कमी-कमजोरी र दोष रहेता पनि, हामी उहाको अनुग्रहमा जिउन इच्छुक हुादछौं र प्रेमसाथ आफ्ना छिमेकीहरुलाई उहाको ईश्वरीय र अलौकिक भलाई पस्कदछौं।

प्रिय पाठक, आफैलाई जाच्नुहोस्

कुन मार्गमा यात्रा गर्दै हुनुहुन्छ ?

तपाई अनन्तको विनाशको फराकिलो बाटोमा यात्रा गर्दै हुनुहुन्छ, या अनन्तको जीवनको साघुरो बाटोमा ? यस संसारमा धेरै बाटोहरु छन् तर ईश्वरीय संसारमा दुई वटा मात्र मार्गहरु छन् । र यी दुई एक-आपसमा कहिल्यै मेल खादैनन् । यी दुई मार्गहरु एक-अर्कामा यसरी विपरीत छन् जस्तै कि दिन र रात, अध्यारो र उज्यालो, परमेश्वर र शैतान, प्रकृत्ति र अनुग्रह अनि स्वर्ग र नर्क । केवल परमेश्वरले उहाको सित्तैको अनुग्रहद्वारा हामीलाई फराकिलो मार्गबाट निकालेर अनन्तको जीवन पाइन साध्रुरो मार्गमा राख्न सक्नुहुन्छ ।

हे पापी जन हो, म तपाईलाई बिन्ती गर्दछु, आफ्नो पापमय र शैतानी बाटोहरुदेखि फर्कि आउनुहोस् साचो परिवर्तनको लागि उहासमक्षा रुनुहोस्, जसले "तिमी आत्मामा पुर्नजीवित हुनुपर्छ" मात्र भन्नुभएन तर आफ्नो साक्षी समेत दिनुभयो, "परमेश्वरको छ : तिम्रो अन्तर आत्मा हराएको छ र तिम्रो अवस्था दयनीय छ । त्यसैले परमेश्वरमा यो बिन्ती गर ताकि तिमीभित्र ख्रिष्टको सुसमाचार र बलिदानको लागि ठाउ बनाइयोस् ।

मलाई एक अन्तिम चेतावनी पश्चात् जाने अनुमति दिनुहोस् बाइबलमा नयाा नियमका २७ वटा पुस्तकहरुमा, नर्क २३४ पल्ट उल्लेख गरिएको छ । यदि जीवनको बाटो २७ कोस लामो हुन्थयो र त्यहाा २३४ सुचना-पाटी लगाइएका हुन्थे जसमा 'यो मार्गले नर्क तर्फ पुऱ्याउाछ' लेखिएको हुन्थ्यो भने के तपाई पश्चाताप गर्नुहुन्न, अविश्वासी हुनुहुन्छ, आत्मामा सन्तुष्ट पापी हुनुहुन्छ, तपाई यहि पापको मार्गमा हिड्नु हुनेछ। नर्क चाहि संसारिक अर्थात् ख्रिष्टबिनाको जीवनको अन्त हो ।

यो छोटो सन्देश परमेश्वरद्वारा तपाईको निम्ति चेतावनीको स्वरुप पठाइएको हो कि मानिसका सबै मार्गहरु मृत्युमा गएर अन्त हुन्छ । "जबसम्म परमप्रभुलाई पाउन सक्छौ उहालाई खोज । उहा नजिक हुनुहुादा नै उहालाई भेट" (यशैया ५५:६) ।

उहाको सहनशीलताको अन्त हुनुअघि उहाले तपाईको यात्रामा अझ कति सुचना पाटी पठाउनु पर्ने अनि उहाले आफ्ना बचन पुरा गर्नुहुनेछ, "यो निश्चित छ कि जन्मेपछि मानिसले मृत्युको सामना गर्नेछ, तर त्यसपश्चात इन्साफ ?"

हे पापी हो, आफ्नो जीवनको भलाईको लागि आतुरी गर । तपाईको जीवनको डोरी अझै काटिएको छैन, तर ज्यादै पातलिादैछ र नाजुक बन्दैछ । परमेश्वरले अझै

तपाईलाई पुकार्दै हुनुहुन्छ, दुष्टहरुको मृत्युमा म खुशी हुन्न, तर तिनीहरुले आफ्नो चाल त्यागेर बाचुन भनि म चाहन्छु । आफ्नो दुष्ट चाल त्याग । हे इस्राएलका घराना हो, तिमीहरु किन गर्छौ ?" (इजकिएल ३३:११) ।

अनुग्रहतर्फको ढोका खुला छ । परमेश्वरको सिंहासन अझै बन्द भएको छैन । के तपाई अझ बिलम्ब हुनु अगाडि उहााको आवाज सुन्नु हुनेछ । "पुत्रलाई चुम्बन गर नत्रता उहाा रिसाउनु हुनेछ, र तिमीहरु बाटैमा नष्ट हुनेछौं । किनभने उहााको कोप चााडै दन्कन्छ । ती सबै धनय हुन जो उहााको शरण पर्दछन् (भजन २:१२) ।

जो कोही परमेश्वर बिना यस संसारमा जिउादछ, उ परमेश्वरबिना नै नर्कमा जानेछ । कति भयानक होला लुकाको पत्रमा भनिएभैं धनि मानिसको त्यो अनुभव "नरकमा कठोर कष्ट भोगिरहेको बेला उसले नजर उठाएर हेर्‍यो र ... उसले कराएर भन्यो ....... म यस ज्वालामा भयङ्कर बेदना पाइरहेछु ( लुका १६) ।

प्रिय मित्र, म यहाालाई प्रेममा रहेर यो सुचित गर्न चाहन्छु । तपाई अनि म मृत्युदेखि भाग्न सक्दैनौं । यो एउटा आज्ञा हो जसको हामी पालन गर्नेछौं ।

के तपाई मर्न तयार हुनुहुन्छ ?

website:– Bereanbaptistmission.net

Nepal Contact info:–

Inaocha SinghAayabari (Kakarbitta)

Mechinagar - 12, Jhapa Nepal

mobile: +9779819023647